**किस्पाङ गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ६ | मितिः२०७४/११/२२

**भाग-२**

**किस्पाङ गाउँपालिका**

## तारजाली र पाईप वितरण कार्यविधि, २०७४

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।११।२२**

किस्पाङ गाउँपालिकाको स्वीकृत बजेटअनुसार अति आवश्यक ठाउँमा तारजाली तथा पाईप वितरण सम्बन्धमा गाउँकार्यपालिकाको मिति २०७४।११।२२ को निर्णयानुसार निम्न कार्यविधि बनाएको छ।

१. यो कार्यविधिको नाम "तारजाली तथा पाईप वितरण कार्यविधि, २०७४ " रशेको छ। यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "उपभोक्ता समिति" भन्नाले तारजाली तथा पाईप खरिद गर्न बनाईएको उपभोक्ता समिति सम्झनुपर्दछ।

ख) "प्राविधिक" भन्नाले गाउँपालिकाको ईन्जिनियर, सव-ईन्जिनियर र असिस्टेन्ट सव-ईन्जिनियर सम्झनुपर्दछ।

ग) "ईस्टिमेट" भन्नाले प्राविधिकले नापजाँच गरी तयार गरेको लागत अनुमान सम्झनुपर्दछ।

घ) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

ङ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

च) "सप्लायर्स" भन्नाले गाउँपालिकाको तारजाली र पाईप सप्लाई गर्न तोकेको सप्लायर्स सम्झनुपर्दछ।

**३.** उपभोक्ता समिति गठन गरी माग गर्नुपर्नेः तारजाली र पाईप आवश्यक परेको ठाउँमा उपभोक्ता समिति गठन गरी माग गर्नुपर्नेछ।

४. **प्राविधिकबाट ईस्टिमेट गराउनु पर्नेः** मागअनुसार प्राविधिकबाट ईस्टिमेट तयार गराई पेश गर्नपर्नेछ।

**५. निवेदन दिनुपर्नेः** ईस्टिमेट राखी वडा कार्यालयको सिफारिस कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

६. **अध्यक्षको तोकादेशअनुसार हुनेः**

निवेदन उपर कारबाही गरी अध्यक्ष ज्यूको तोकादेशअनुसारको संख्यामा जाली तथा पाईपको लागि आदेश हुनेछ।

७. **हस्तान्तरण फारम भर्नुपर्नेः**

उपभोक्ता समितिको अध्यक्षलाई तार जाली तथा पाईप हस्तान्तरण फारम भरी कार्यालयको पत्र सहित सप्लायर्समा पठाईने छ।

८. **ढुवानी तथा संञ्चालन खर्च उपभोक्ताको हुनेः**

तार जाली तथा पाईप खरिद स्थलबाट सम्बन्धित स्थानमा पुर्याउदा लाग्ने ढुवानी खर्च तथा पाईपलाईन खन्ने, पुर्ने तथा जाली भर्ने र त्यसमा प्रयोग हुने अन्य सामाग्रीहरु उपभोक्ताको योगदानमा खर्च गर्नुपर्नेछ। यस सम्बन्धमा कार्यालयमा भुक्तानी माग दावी गर्न सकिने छैन।

**९. बिल अनुसार भुक्तानी दिईने:**

सप्लायर्सले कार्यालयको पत्र आधारमा तारजाली तथा पाईप दिई उक्त बिल अनुसारको भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

**१०. उपभोक्ता समितिले प्रतिवेदन पेश गर्नुपर्ने:**

उपभोक्ता समितिले तार जाली प्रयोग गरी काम सम्पन्न सम्बन्धमा सोको जानकारी कार्यालयमा दिनुपर्नेछ। यदि माग अनुसारको काममा तार जाली तथा पाईप प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाईएमा कार्यालयले उक्त सामग्री जफत गरी अन्यत्र प्रयोग गर्नेछ।

आज्ञाले,
गुरु प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका